जडीबुटी उत्पादन तथा प्रशोधन कं.लि.
नेपाल सरकारको स्वामित्व भएको
स्थापित २०३८
कोटेश्वर, काठमाडौं

श्रीमान् महाप्रवन्धकज्यू,
ज.उ.प्र.कं.लि.
कोटेश्वर, काठमाण्डौं ।

विषय: <u>शिलवन्दी बोलपत्र पेश गरेको सम्वन्धमा</u> ।

मिति २०७५।१२।२५ गतेको गोरखापत्रमा प्रथम पटक प्रकाशित सूचना अनुसार आ.ब. २०७५।७६ को लागि त्यस कम्पनीलाई आवश्यक पर्ने गुणस्तरिय युक्यालिप्टस तेल निम्न दररेटमा कम्पनीलाई उपलव्ध गराउन सकिन्छ भनि बोलपत्रका संलग्न शर्तहरू मञ्जुर गरी यो शिलवन्दी बोलपत्र भरी पेश गरेको छु । छौं।

| सि.नं | विवरण | इकाई | आवश्यक परिमाण | दररप्रति के.जी. रू | जम्मा रकम रू. | २.५% धरौटीको विवरण (भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | युक्यालिप्टस तेल | केजी | १४६६ | | | | |
| २ | | | | भ्याट १३% | | | |
| | | | | जम्मा रकम भ्याट सहित | | | |

अक्षरमा:
१. युक्यालिप्टस तेल भ्याट सहित जम्मा नगद रू. ....................................

<u>बोलपत्रदाताको तर्फबाट:</u>

बोलपत्र भर्नेको नाम:

ठेगाना:

पद:

सहि:

फर्मको नाम:

ठेगाना:

फर्मको छाप:

मिति:

जडिबुटी उत्पादन तथा प्रशोधन कं. लि.
नेपाल सरकारको स्वामित्व भएको
स्थापित २०३८
कोटेश्वर, काठमाडौं

## बोलपत्रका शर्त तथा नियमहरू:

(१) बोलपत्रदाताले बोलपत्रसाथ संलग्न गर्नुपर्ने कागजातहरू:

(क) फर्म तथा उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
(ख) आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
(ग) VAT / PAN दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
(घ) अघिल्ले आ.ब. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
(ङ व्यवसाय नविकरण इजाजतपत्रको प्रतिलिपि ।
(च) पेशागत कसुरमा सजाय नपाएको भनि लिखित रूपमा स्वघोषणा गरेको पत्र ।
(छ) सुगन्धित तेल उत्पादन संघ संस्था वा फर्मले मात्रै वोलपत्र खरिद गर्न सक्नेछ ।

(२) आपूर्ति हुने युक्यालिप्टस तेलको गुणस्तर जांचपास तथा स्वीकृती गराउनु पर्ने:

(क) कम्पनीमा आपूर्ति गरिने तेलको गुणस्तर निर्धारण सम्वन्धी जांच-पास तथा परिक्षण कार्य कम्पनीको सम्वन्धित शाखाबाट हुनेछ ।
(ख) कम्पनीको सम्वन्धित शाखाबाट कम्पनीमा प्राप्त तेलको गुणस्तर जांच-पास भए पछि मात्र स्टोर दाखिला हुनेछ ।
(ग) कम्पनीमा प्राप्त तेलको जांचपास गर्दा आवश्यकता अनुसार जांचपास तथा परीक्षण गरिनेछ

(३) तेल उपलव्ध गराउनु पर्ने स्थान र समय तालिका:

(क) युक्यालिप्टस तेल कम्पनीको केन्द्रीय कार्यालय कोटेश्वर सम्म ल्याउदा लाग्ने सम्पूर्ण खर्चहरू बोलपत्रदाताले व्यहोरी कम्पनीको केन्द्रीय कार्यालय कोटेश्वरमा ल्याई वुझाउनु पर्नेछ ।
(ख) तेल कम्पनी र स्वीकृत बोलपत्रदाताको आपसी समझदारी अनुसार कम्पनीमा उपलब्ध गराउनु पर्नेछ ।

(४) तेलको विवरण:(Specification):

(क तेल कम्पनीद्वारा निर्धारण गरिएको गुणस्तर अनुसारको हुनु पर्नेछ ।
(ख) युक्यालिप्टस तेल उत्पादक कर्ता हुनु पर्नेछ ।

(५) प्याकिङ्गको व्यवस्था राम्रो हुनु पर्ने:

(क) तेल कम्पनीमा ल्याउदा वाटोमा कुनै कारणले हानी-नोक्सानी हुन गएमा त्यसको जिम्मेवार कम्पनी हुनेछैन ।
(ख) कम्पनीमा तेल ल्याउदा राम्रो सफा भाडोमा प्याकिंग गरी सुरक्षित साथ ल्याउनु पर्नेछ ।

(६) खरिद सम्झौता उल्लंघन भएमा धरौटी वा जमानत जफत हुन सक्ने:

(क) खरिद सम्झौता अनुसार वोलपत्रदाताले खरिद सम्झौता उल्लंघन गरेमा वा खरिद सम्झौता वमोजिम काम शुरू नगरेमा वा काम शुरू गरी बीचमा छाडेमा वा आपूर्ति गर्नु पर्ने समयमा तेल उपलव्ध नगराएमा वा कार्य सम्पन्न गर्न ढिलाई भएमा कम्पनीले उचित ठहऱ्याएमा निर्णय गरी धरौटी वा जमानत फिर्ता गर्ने वा उचित छतिपूर्ति बोलपत्रदातावाट भराई लिनेछ।

(७) <u>विवाद समाधानको संयन्त्र:</u>

(क) कम्पनी र बोलपत्रदाता बीच खरिद सम्झौता कार्यान्वयनको सिलशिलमा उत्पन्न हुने कुनै विवाद आपसी सहमतीवाट समाधान गरिनेछ ।

(ख) यदि आपसी सहमतीवाट विवाद समाधान हुन नसकेमा विवाद समाधान गर्नका लागि कम्पनीले अन्तिम निर्णय गर्नेछ ।

(८) <u>प्रचलित कानून वमोजिम हुने:</u>

(क) यस बोलपत्रमा उल्लेख हुन छुट वा अस्पष्ट भएका अन्य कुराहरूको हकमा कम्पनीको नियमानुसार प्रचलित सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियम २०६४ अनुसार हुनेछ ।

(९) <u>बीलको भुक्तानी:</u>

(क) कम्पनीमा प्राप्त तेलको गुणस्तर जांच-पास भई सकेपछि जांच-पास भइसकेका तेलको स्टोर दाखिला भई आएका विलहरूको भुक्तानी पाइनेछ।

(ख) बोलपत्रदातालाई कुनै किसिमको पेश्की दिइने छैन ।

(१०) <u>बोलपत्रमा उल्लेख गर्ने दर:</u>

(क) बोलपत्रमा दर-रेट उल्लेख गर्दा प्रष्ट रूपमा अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ ।

(ख) केरमेट भएमा बोलपत्रदाताले सहिछाप गर्नु पर्नेछ ।

(ग) अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दर-रेटलाई मान्यता दिइनेछ ।

(११) <u>धरौटी वा वैंक ग्यारेण्टि पेश गर्नु पर्ने:</u>

(क) शिलवन्दी बोलपत्र वुझाउदा आफुले कवोल गरेको हुन आउने कूल रकमको (भ्याट सहित) २.५% का दरले हुने नगद रकम यस कम्पनीको थापाथली स्थित रा.वा.वैंक, चल्ती हिसाव खाता नं.७० मा धरौटी वापत जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र वैंकबाट मान्यता प्राप्त वैंकहरूवाट यस कम्पनीको नाममा जारी गरिएको कम्तीमा ९० दिनको म्याद भएको वैंक जमानी पत्र बोलपत्र साथ राखी पेश गर्नु पर्नेछ ।

(१२) <u>खरिद सम्झौता गर्न धरौटी वा जमानत पेश गर्नु पर्ने:</u>

(क) बोलपत्र स्वीकृत भई सकेपछि स्वीकृत बोलपत्रको आधारमा बोलपत्रदाताले २०७६ साल आषाढ मसान्त सम्मको लागि बोलपत्रका शर्तहरूको अधिनमा रहि कम्पनीसंग खरिद सम्झौता गर्नु पर्नेछ ।

(ख) खरिद सम्झौता गर्नु पूर्व आफुले कवोल गरेको हुन आउने कूल रकमको ५% का दरले हुने रकम यस कम्पनीको थापाथली स्थित रा.वा.वैंक, चल्ती हिसाव खाता नं.७० मा धरौटी वापत जम्मा गरेको सक्कलवैंक भौचर वा नेपाल राष्ट्र वैंकबाट मान्यता प्राप्त वैंकहरूवाट यस कम्पनीको नाममा जारी गरेको २०७६ साल आषाढ मसान्त सम्म म्याद रहेको कार्य सम्पादन जमानी पत्र (Performance Bond) अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

(१३) <u>बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार:</u>

(क) कम्पनीमा दर्ता हुन आएका शिलवन्दी बोलपत्रहरू स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा सुरक्षित रहनेछ ।

(१४) तेलको आवश्यक परिमाण:

(क) कम्पनीलाई अनुमानित १४६६ के.जि. गुणस्तरयुक्त तेल आवश्यक पर्नेछ।

(ख) उल्लेखित परिमाणमा थप घट पनि हुन सक्नेछ ।

नेपाल सरकारको स्वामित्व भएको ... उत्पादन तथा प्रशोधन ... काठमाडौं

(१५) शिलवन्दी बोलपत्रहरू उपर कारवाही नहुने:

(क) कम्पनीवाट प्राप्त बोलपत्र रितपुर्वक भरी नआएमा ।

(ख) बोलपत्र शिलवन्दी भई नआएमा ।

(ग) बोलपत्रदाताको सहिछाप भई नआएमा ।

(घ) रित नपुगेका र दर्ता गर्ने म्याद नाघि आएका शिलवन्दी बोलपत्रहरू उपर कुनै कारवाही हुने छैन ।

(ङ) धरौटी तथा वैंक ग्यारेण्टि नियमानुसार नभएमा ।

(च) एउटाको नामबाट खरिद गरिएको बोलपत्र अर्काको नामबाट दाखिला भएमा।

(१६) बोलपत्र फिर्ता वा संशोधन:

(क) दर्ता भएको शिलवन्दी बोलपत्र फिर्ता वा संशोधन गर्न चाहेमा कारण खुलाई वोलपत्र पेश गर्ने मिति र समय समाप्त नहुदै कार्यालय समय भित्र लिखित शिलवन्दी निवेदन दिइ संशोधन वा फिर्ता गर्न सकिनेछ ।

(ख) तर शिलवन्दी वोलपत्रहरू पेश गर्ने अन्तिम मिति र समय समाप्त भई सकेपछि कम्पनीमा दर्ता भएका बोलपत्रहरू फिर्ता वा संशोधन गर्नको लागि मांग गर्न सकिने छैन।

(ग) बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय अघि नै फिर्ता वा संसोधन गर्न मांग गरेको बोलपत्र बोलपत्र खोल्ने समयमा फिर्ता दिईनेछ र संशोधन गर्नु परेमा पनि सोहि समयमा गरिनेछ ।

(१७) शिलवन्दी बोलपत्र दाखिला:

(क) शिलवन्दी बोलपत्र पेश गर्दा खामको वाहिर बोलपत्र दाखिला हुने कार्यालयको नाम, ठेगाना र कामको विवरण लेखि बोलपत्र दाताको नाम, ठेगाना, फर्मको नाम आदि प्रष्ट रूपमा वुझिने गरी लेखी ३०औं दिनसम्म खरिद गरि सो को भोलिपल्ट १२ बजे भित्र कम्पनीमा दर्ता गराउनु पर्नेछ ।

(१८) विदा भएमा:

(क) शिलवन्दी बोलपत्र खरिद, दाखिला र खोल्ने ३१औं दिन सार्वजनिक विदा भएमा उक्त कार्य सो को भोलिपल्ट गरिनेछ ।

(१९) शिलवन्दी बोलपत्रहरू खोल्ने:

(क) शिलवन्दी बोलपत्रहरू दर्ता गराउने अन्तिम दिनको २:०० बजे कम्पनीको केन्द्रीय कार्यालय, कोटेश्वरमा कार्यालयका प्रतिनिधिहरू, बोलपत्रदाता वा निजहरूको प्रतिनिधिहरूको उपस्थितिमा खोलिनेछ ।

(ख) बोलपत्रदाताहरू र निजहरूको प्रतिनिधिहरूको उपस्थिति नभए पनि बोलपत्रहरू खोल्न कम्पनीलाई कुनै वाधा पर्ने छैन।

यस बोलपत्रमा उल्लेख गरिएका बोलपत्रका शर्तहरू पढी, वांची, सुनी, राम्ररी वुझी शर्तहरू पालना गर्न मञ्जुर भई राजी खुशीका साथ यो शिलवन्दी बोलपत्र भरी पेश गरेको छु। छौं ।

<u>बोलपत्रदाताको तर्फबाट:</u>

बोलपत्र भर्नेको नाम:

ठेगाना:

पद:

सहि:

फर्मको नाम:

ठेगाना:

फर्मको छाप:

मिति: